लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, बर्दिया
गुलरीया, बर्दिया

कार्यालय : ०८४-४२०१५६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प. स. २०८२/०८३ (वन व्यवस्थापन शाखा)
च.नं. २१४८

मितिः २०८२/०९/२३

विषयः सुचना अपलोड गरी सो को जानकारी उपलब्ध गराइदिने सम्बन्धमा

श्री वन तथा वातावरण मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा श्री जनसेवा शाक्ति थारु सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न.पां.-२, पचघरुवा, बर्दियाको प.सं. २०८२।०८३, च.नं ८, मिति २०८२।०९।२३ गतेको पत्रसाथ संलग्न पहिलो पटक काठ, दाउरा बोलपत्रद्वारा लिलाम विक्री सम्वन्धी सुचना पाना २ मिति २०८२।०९।२३ गते यस कार्यालयमा प्राप्त भई समूहको माग अनुसार ताहाँको वेइवसाईटमा अवलोड गरी सो को जानकारी उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

२०८२।९।२३

गणेश बहादुर अएडी
नि. डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री जनसेवा शाक्ति थारु सामुदायिक वन उपभोक्ता समूह,
बारबार्दिया न.पां.-२, पचघरुवा, बर्दियाः त्यस समुहबाट प्राप्त सुचना यस कार्यालयको सुचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेट राखिएको व्यहोरा जानकारी गराईन्छ।

पान नं. ६१९०७९३०५ | दर्ता नं. १११

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. २, पचघरुवा, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०८२/८३
च.नं.: ८

मिति : २०८२/८/२३ गते

विषय – वेबसाइटमा अपलोड गरिदिने बारे ।

श्री डिभिजन वन कार्यालय बर्दिया
गुलरिया ।

प्रस्तुत विषयमा यस समुहको आन्तरिक खपत नहुने काठहरूको काठ प्रति क्यु.फिट दररेटमा बिक्री वितरण गर्ने मिति २०८२/०८/२३ गतेको नागरीक राष्ट्रिय दैनिक पत्रिकामा २१ दिने सुचना प्रकाशन गरेकोले विस्तृत सुचना तपाँई कार्यालयको वेबसाइट वन निर्देशनालय बुटवल र वन तथा वातावरण मन्त्रालय राप्ती उपत्यका देउखुरी दाङ को वेबसाइटमा अपलोड गरी सहयोग गरिदिनु हुन अनुरोध छ ।

श्री वन अधि.
२०८२/८/२३

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं.: ३९८६
मिति: २०८२/८/२३

अध्यक्ष

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. ०२, बर्दिया

प.स.

च.नं.

मिति: २०८२/०९/२३

विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

लट नं. १ (२०८२/०८३)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८२।०९।२३</u>

श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरीक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/२३ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिबिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. २ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरण:-

| लट नं. | वन पैदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | सिमल | २ | N | २६३.८६ | ०.५८ | १५० | ४००० | ३९५७९ | २३२० | काठ दाउरा संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | भलायो | १ | | ०.०० | ०.०५ | १०० | ४००० | ० | २०० | |
| | कान्जि | १ | N | ०.०० | ०.०६ | १०० | ४००० | ० | २४० | |
| | डुम्री | १ | | ०.०० | ०.१७ | १०० | ४००० | ० | ६८० | |
| | जम्मा | ५ | | २६३.८६ | ०.८६ | | | ३९५७९ | ३४४० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१०।१४ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय वाणिज्य बैक लिमिटेड गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१००२२०००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. ३००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ४:०० बजे भित्र जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया न.पा. ०२, बर्दिया**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१०।१४ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुनं अनुसार हुनेछ ।